# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
(५ नं. प्रदेश, नेपाल)

www.mayadevimunkapilvastu.gov.r
mayadevirm@gmail.com

प.स. : ०७६/०७७
च.नं. : ५५९०

मिति २०७६/ ०७ /१८

सबै वडा कार्यालयहरु
मायादेवी गाउँपालिका पकडी, कपिलवस्तु ।

**विषयः योजना सम्झौताको सिफारिस सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिका अन्तर्गतका योजना तथा कार्यक्रम सम्झौता तथा रकम भुक्तानीको लागि सिफारिस गर्दा उपभोक्ता समितिलाई निम्न कागजात संलग्न गराएरा मात्र सिफारिस गर्नु हुन अनरोध छ ।

**सम्झौताको लागी सिफारिस गर्दा आवश्यक पर्ने कागजातहरुः-**

१. सम्झौता गर्नुपर्ने यजोना बार्षिक गाउँ विकास योजना किताबमा परेको हो वा गाउँकार्यपालिकाको बैठकवाट निर्णय भएको हो । त्यसको फोटोकापी । कार्यक्रमको हकमा प्रस्ताव (proposal) पेश भएको हुनुपर्नेछ ।
२. उपभोक्ता समिति गठनको लागी सूचना प्रकाशित गरि जनप्रतिनिधिको रोहवरमा आयोजनावाट लाभान्वित समुदायको आम भेलावाट गठन भएको उपभोक्ता समितिको माइन्युट र सूचनाको फोटोकापी ।
३. आम भेला वाट गठन भएको ७ देखि ११ जना सम्मको उपभोक्ता समितको माइन्युटको फोटोकापी । उक्त समितिमा ३३ प्रतिशत महिला अनिवार्य हुनु पर्नेछ । र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ जना महिला अनिवार्य हुनुपर्नेछ ।
४. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको फोटोकापी अनिवार्य रुपका संलग्न हुनुपर्नेछ ।
५. उपभोक्ता समिति संगसँगै बढीमा ५ जना सम्मको आन्तरिक अनुगमन समिति गठन भएको माइन्युटको फोटोकापी । उक्त अनुगमन समितिमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्नेछ । अनुगमन समितिको संयोजक वडा अध्यक्षले तोकेको वडा सदस्य हुनुपर्नेछ ।
६. आयोजनाको लागत स्टिमेट गराइ स्वीकृत भएको हुनु पर्नेछ ।
७. ३ प्रतिशत धरौटी जम्मा गरेको भौचरको फोटोकापी हुनुपर्नेछ ।
८. उपभोक्ता समितिको आयोजना सम्झौता गरि पाउँ भन्ने निवेदन हुनुपर्नेछ ।
९. सामान खरिद गर्दा अनिवार्य रुपमा पाना नं / भ्याटमा दर्ता भएको संग मात्र खरिद गर्नु पर्नेछ ।

**रकम भुक्तानीको लागी सिफारिस गर्दा आवश्यक पर्ने कागजातहरुः-**

१. कार्यालयको योजना सम्झौजता र कार्यादेश हुनुपर्नेछ ।
२. काम हुनु अगाडी काम हुदै गर्दाको र काम सम्पन्न भएपछिको आयोजनाको फोटोहरु पेश भएको हुनुपर्नेछ ।
३. उपभोक्ता समितिको काम सम्पन्न भएको बैठकको निर्णयको फोटोकापी पेश गर्नुपर्नेछ ।
४. आन्तरिक अनुगमन समितिले कार्य सम्पन्न् भएको भनि गरेको निर्णयको फोटोकापी पेश गर्नुपर्नेछ ।
५. आयोजना सम्पन्न हुदाँ भएको खर्चहरुको बिल भरपाईमा उपभोक्ता समितिको अध्यक्षले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
६. उपभोक्ता समितिवाट काम सम्पन्न भएको निर्णय सहितको निवेदन पेश गरेको हुनुपर्नेछ ।
७. अनुसूची फाराम ३ र ४ भरी वडा अध्यक्षवाट वा निजले तोकेको सदस्यवाट प्रमाणित भएको हुनुपर्नेछ ।
८. अनुगमन तथा सहजिकारण समितिवाट कार्य सम्पन्न भएको सिफारिस हुनुपर्नेछ ।

**बोधार्थः**
सूचना प्रविधि शाखाः वेवसाइटमा राखिदिनु हुन ।

रामकृष्ण तेली
नि प्रमुख प्रशासीय अधिकृत
निमित प्रमुख प्रशासकिय अधिकृत